# आमाछोदिङमो गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
गोल्जुङबेसी, रसुवा

बागमती प्रदेश, नेपाल

आमाछोदिङमो गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गोल्जुङबेसी बागमती प्रदेश, नेपाल

## करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना !

प्रथम पटक प्रकाशित मिति २०८१/०५/१७

आमाछोदिङमो गाउँपालिकामा बागमती प्रदेश सरकारको एक प्रदेश क्षेत्र एक अस्पताल सुदृढीकरण कार्यक्रम अनुसार दोबो तेम्बो फुर्पु आधारभूत अस्पतालको लागि देहायको पद संख्या र योग्यता भएका स्वास्थ्य सेवाका कर्मचारी सेवा करारबाट पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र माग वमोजिमका प्रमाणपत्र र यस गाउँपालिकाको राजस्व शाखामा राजश्व दाखिला गरेको सक्कले रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | विज्ञापन नं. | सेवा करारमा माग पद | तह | माग पद संख्या | परीक्षा दस्तुर रु. | न्यूनतम शैक्षिक योग्यता | सेवाको किसिम |
|---|---|---|---|---|---|---|---|
| १ | ०६/२०८१/०८२ | स्टाफ नर्स | पाँचौ | १ (एक) | ७००।- | मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा प्रमाणपत्र तह उत्तीर्ण । | करार |
| २ | ०७/२०८१/०८२ | अनमी (SBA तालिम प्राप्त) | चौथो | १ (एक) | ५००।- | मान्यता प्राप्त शिक्षण संस्थाबाट अनमी विषयमा प्रमाणपत्र तह उत्तीर्ण । | |
| ३ | ०८/२०८१/०८२ | डेण्टल हाईजिनिष्ट | पाँचौ | १ (एक) | ७००।- | मान्यता प्राप्त शिक्षण संस्थाबाट डेण्टल हाईजिनिष्ट विषयमा प्रमाणपत्र तह उत्तीर्ण । | |
| ४ | ०९/२०८१/०८२ | रेडियो ग्राफर | पाँचौ | १ (एक) | ७००।- | मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियो ग्राफर विषयमा प्रमाणपत्र तह उत्तीर्ण । | |

१) उमेर : दरखास्त दिने अन्तिम मितिसम्म १८ बर्ष पूरा भई ४० वर्ष ननाघेको हुनु पर्ने छ ।

२) दरखास्त दिने फारम प्राप्त गर्ने स्थान : आमाछोदिङमो गाउँपालिकाको कार्यालय गोल्जुङ वेसी, रसुवा ।

३) दरखास्त दिने मिति: २०८१/०५/१७ देखि २०८१/०५/३१ गते सम्म (अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोली पल्ट कार्यालय खुल्ने दिन)

४) करार सेवाको अवधि : २०८१ साल पौष मसान्तसम्म ।

५) छनौटको किसिम : छोटो सूची प्रकाशन र अन्तवार्ता परीक्षाबाट हुने छ ।

६) निवेदनको साथ संलग्न कागजातहरु : आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, ख) न्यूनतम शैक्षिक योग्यताको ट्रान्सक्रिप्ट तथा चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,

ग) प्रचलित कानून बमोजिम काउन्सिल दर्ता प्रमाणपत्रको प्रतिलिपि, घ) कार्य अनुभबको प्रमाणपत्रको प्रतिलिपि, (सम्बन्धित बिषयमा न्यूनतम १ बर्ष कार्य अनुभव पूरा भएको गणना गरिनेछ भने अधिकतम १० बर्षको अनुभव मात्र गणना गरिने छ) (ङ) ३ (तीन) प्रति पासपोर्ट साइजको फोटो, च) स्थानीयको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा स्थानीय पञ्जिकाधिकारीद्वारा जारी भएको प्रमाणपत्र (बसाईसराई, विवाह दर्ता) को प्रतिलिपि पेश गर्नुपर्नेछ ।

छ) नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्ष निर्धारण गरेको प्रमाणपत्र समेत पेश गर्नुपर्नेछ

७) पारिश्रमिक तथा सेवा सुविधा: नेपाल सरकारको नियमानुसार हुने छ ।

८) कार्यविवरण : गाउँपालिकाले तोके बमोजिम हुने छ ।

९) दरखास्त दस्तुर आमाछोदिङमो गाउँपालिकाको नाममा कुमारी बैक लिमिटेड, आमाछोदिङमो चिलिमे शाखामा रहेको आन्तरिक राजस्व खाता नम्बर ०८०००३९७२८१०००००७ मा दाखिला गर्न सकिने छ ।

१०) तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको दरखास्त उपर कुनै कारवाही हुने छैन । साथै गलत विवरण उल्लेख गरी दरखास्त फारम भरेमा सोको जवाफदेही दरखास्तवाला स्वयम हुनुपर्नेछ ।

११) परीक्षा कार्यक्रम तथा अन्तरवार्ताको मिति पछी प्रकाशन गरिने छ ।

पदपूर्ति सम्बन्धी आवश्यक प्रक्रिया आमाछोदिङमो गाउँपालिकाको, कारारमा कर्मचारी व्यवास्थापन गर्ने कार्यविधी, २०७५ बमोजिम हुने छ ।

थप जानकारिको लागि फोन नं. ९७४२४६०७५० मा सम्पर्क गर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner